**मिति: २०८०।८।६ गते, समय: ११:०० वजे दिनको, बैठक संख्या: ४१**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: श्री डडेलधुरा जिल्ला अदालत डेडेलधुरामा लिखित जवाफ पेश गर्ने सम्बन्धमा।

**निर्णय:** डेडेलधरा जिल्ला बस्ने श्री रामचन्द्र पाण्डे रिट निवेदक पक्ष भई यस नगरपालिकालाई विपक्षी वनाई श्री डडेलधुरा जिल्ला अदालत डडेलधुरामा निषेधाज्ञाको रिट दिएकोले सम्मानित अदालतबाट म्याद प्राप्त भएकाले मुद्धा न. ०८०-WO-०००१ को मुद्धाको लिखित जवाफ पेश गर्न, बहस पैरवी गर्ने लगायतका कार्यकालागि यस कार्यालयका शाखा अधिकृत श्री हेमन्तराज पन्तलाई अधिकार प्रत्यायोजन गर्ने।

**प्रस्ताव नं. ३**: नेपाल विधुत प्राधिकरण डडेल्धुरा वितरण केन्द्रलाई रकम निकासा दिने सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं. ५ को बागबजार देखि ऐतिहांसिक अमरगढी किल्ला जाने सडक निर्माणको क्रममा सडक क्षेत्रमा पर्ने विधुतका पोल स्थानान्तरण गर्न नेपाल विधुत प्राधिकरण डडेल्धुरा वितरण केन्द्रको च नं ८४ मिति २०८०।६।१२ को पत्र अनुसार सो कार्य गर्न लइ अनुसारको रकम सो कार्यालयलाई निकासा दिने।

**प्रस्ताव नं. ४**: नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने।

**निर्णय:** यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।१।३ गतेको निर्णय नं ४ का सम्बन्धमा श्री उग्रतारा मावि पोखराको पठन पाठानलाई व्यवस्थित बनाउन उग्रतारा मावि पोखराको ऐक्षिक गणितको दरवन्दीलाई श्री घटाल मावि नुवाकोटमा र श्री घटाल मावि नुवाकोटको अनिवार्य विज्ञान विषयको दरबन्दीलाई श्री उग्रतारा मावि पोखरामा कायम गर्न दरवन्दी मिलान गर्ने।

**प्रस्ताव नं. ५**: उग्रतारा स्वास्थ्य चौकीको भवन निर्माण सम्बन्धमा।

**निर्णय:** यस नगरपालिको उग्रतारा स्वास्थ्य चौकीको भवन जिर्ण भई सेवा प्रवाहमा कठिनाइ भएको र श्री स्वास्थय तथा जनसंख्या मन्त्रालयबाट सो स्वास्थ्य चौकी भवन मर्मत संभारको लागि पाप्त रकममा कार्यालयबाट साझेदारी रकम थप गरि रावलतोलि कुटी क्षेत्रमा भवन निर्माणकोलागि स्वास्थ्य चौकी निमार्णको लागि दर्ता भएको जग्गामा भवन निमार्णकोलागि रु २ करोडको बहु वर्षिय बोलपत्र आह्वान गर्ने।

**प्रस्ताव नं. ६**: विविध।

**निर्णय:** यस नगरपालिकाका कार्यपालिका बजार क्षेत्रको सडकको विस्तार कार्य चालु रहेको हुंदा उक्त क्षेत्रमा लगत कट्टी भएको जग्गा खालि गर्न डिभिजन सडक कार्यालाय डोटीलाई आवस्यक सहयोग गर्ने। उक्त खालि गरिएको सडक क्षेत्रमा व्यवसायिहरुले राख्ने गरेको सामानहरु जफत गरि तत्काल लिलाम प्रकृया गर्ने। सो कार्यमा असहयोग गर्ने व्यवसायि तथा घर धनीहरुलाई नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधामा बन्चित गर्ने जानकारी गराउने।